नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर


फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/


पत्र संख्याः- ०७७/७८

चलानी नम्बरः-

मितिः- २०७८/०२/१३

## उच्च सतर्क रहन जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अनुरोध ।

पश्चिम बंगालको खाडीमा विकसित भएको जलवायुको प्रभाव र शक्तिशाली चक्रवात **(Very Severe Cyclonic Storm)** यास् **(YAAS)** समूद्रबाट जमिन तर्फ प्रवेश गरिसकेको र उक्त चक्रवात उत्तर-उत्तरपश्चिम सर्ने क्रममा रहेको जसकारण मिति २०७८-०२-१३ गतेदेखि मिति २०७८-०२-१५ गतेसम्म नेपालमा धेरैजसो स्थानमा भारी वर्षा, चट्याङ पर्ने र उच्च बेगको हावाहुरी आउने सम्भावना रहेको जानकारी श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त हुन आएको हुँदा सम्भावित जोखिमबाट बच्न निम्नानुसार गर्न, गराउन हुन सबैमा जानकारीको लागि अनुरोध छ ।

तपशीलः-

१. बाढी, पहिरो र डुबान हुने क्षेत्रमा नजाने,
२. नदी र खोलाहरूमा माछा मार्ने लगायतका कुनै पनि कार्यहरू नगर्ने,
३. नदी, खोला किनार एवं पहिरो आसपास बसोबास गर्ने बासिन्दा उच्च सतर्क रहने,
४. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिकाको विशेष ध्यान दिने,
५. आफ्नो आसपासको ठाउँमा बाढी, पहिरो, डुबान, कटानको जोखिम देखिए सुरक्षा निकाय, पालिका एवं जिल्ला विपद् व्यवस्थापन समितिलाई तुरून्त खबर गर्ने ।

महत्वपूर्ण सम्पर्क नम्बरहरूः-

प्रमुख जिल्ला अधिकारी: ९८५५०२७७७७

प्रहरी उपरीक्षक: ९८५५०४५५५५

प्रमुख सेनानी: ९८५५०१५६५५

जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र: ०५७-५२४७१२

७८/२/१३

देव चन्द्र गतौला
प्रशासकीय अधिकृत